**बैठक संख्या : ७०**

**मिती : २०७७।०१।१४ गते**

स्थान : राप्ती नगरपालिका

समय : विहान ८ : ०० बजे

**यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।**

**<u>उपस्थिति</u>**

**नगरप्रमुख श्री प्रभा बराल(पौडेल)**

**नगर उपप्रमुख श्री इमान सिंह लामा**

**वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान**

**वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती**

**वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती**

**वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा**

**वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक**

**वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु**

**वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी**

**वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया**

**वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा**

**वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ**

**वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ**

**वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा**

**वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ**

**सदस्य श्री पुष्पा के.सी. कुवर**

**सदस्य श्री दिल कुमारी लामा**

**सदस्य श्री कविता राई**

**सदस्य श्री रमिता परियार**

**सदस्य श्री श्यामलाल वि.क.**

**सदस्य श्री आइती देवी दराई**

**सदस्य श्री अम्विका लामा**

**सदस्य श्री पहलमान प्रजा**

**प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल** सदस्य सचिव

**आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.**

**लेखा अधिकृत श्री गोपाल तिवारी**

**क.अ. श्री रमेश चौधरी**

तृ. स्वे. उ. सुरेश थ्यापाने

**मिती : २०७७।०१।१४ गते** **कार्यपालिका बैंठक संख्या : ७०**

**प्रस्तावहरु**

१. कोरोना भाइरस (COVID-19) प्रकोप व्यवस्थापन एवं राहत सम्बन्धमा ।

२. असिना हावा हुरीले नगरमा पुऱ्याएको क्षती सम्बन्धमा ।

३. प्रदेश मूख्य मन्त्रीको कार्यालयको दुरी कायम गरी योजनाको काम सुचारु गर्ने परिपत्र सम्बन्धमा ।

४. खोप संचालन सम्बन्धमा ।

५. भण्डारा अस्पतालको भवन निर्माण बजेट सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ सम्बन्धमा छलफल हुँदा कोराना भाइरस COVID-19 लाई नियन्त्रण गर्न सरकारले गरेको lockdown को कारण स-सना व्यवसाय, दैनिक काम गरी खाने मजदुर, विपन्न वर्ग, घरसम्म जान नसकी बीचमा परेका व्यक्तिहरु,डेरावाल विद्यार्थीहरु एंव विविध कारणले लकडाउनबाट प्रभावित भई खानबस्न समस्या परेका परिवार र व्यक्तिहरु क्वारेन्टाइनमा रहेका व्यक्तिहरु, प्रचार प्रसार र लकडाउन व्यवस्थित गर्न भाडमामा लिइएका सवारी साधन, सुरक्षाकर्मीलाई आवश्यकता बमोजिम खाजा, खाना, पानी, स्वास्थ्य सामग्रीहरु खरिद, राहत ढुवानी, क्वारेन्टाइनमा रहेका व्यक्तिहरुलाई स्केल बमोजिम खाना खाजा वापत मिति २०७७।०१।१३ गते विहान सम्मको कोराना भाइसर COVID-19 को व्यवस्थापन र राहत खर्च करीब रु. ८१,२१,३२५।- अनुमोदन गर्ने र कोराना प्रकोप नियन्त्रण भएपछी कुल खर्चको पूर्ण विवरण पालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो । यस कार्यमा अहोरात्र खटिनु हुने सवै जनप्रतिनिधि स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, कर्मचारीहरु सहयोग दाताहरु प्रति धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

| वडा नं | परिवार संख्या ४ सम्मको १० कि.लो.को दरले चामल | | परिवार संख्या ५ भन्दा बढी १५ कि लो को दरले चामल | | जम्मा संख्या | जम्मा चालम वितरण कि लो | दाल २ कि लो को दरले | तेल १ लिटरको दरले | लाइप वाय साबुन २ पिस | नुन १ कि लो को दरले |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३५ | २३५० | २३५ | ३५२५ | ४७० | ५८७५ | ९४० | ४७० | ९४० | ४७० |
| २ | ३२८ | ३२८० | ३२१ | ४८१५ | ६४९ | ८०९५ | १२९८ | ६४९ | १२९८ | ६४९ |
| ३ | २५० | २५०० | २२३ | ३३४५ | ४७३ | ५८४५ | ९४६ | ४७३ | ९४६ | ४७३ |
| ४ | २८१ | २८१० | १६५ | २४७५ | ४४६ | ५२८५ | ८९२ | ४४६ | ८९२ | ४४६ |
| ५ | ५०१ | ५०१० | २४३ | ३६४५ | ७४४ | ८६५५ | १४८८ | ७४४ | १४८८ | ७४४ |
| ६ | १८६ | १८६० | १९८ | २९७० | ३८४ | ४८३० | ७६८ | ३८४ | ७६८ | ३८४ |
| ७ | ३३२ | ३३२० | १६९ | २५३५ | ५०१ | ५८५५ | १००२ | ५०१ | १००२ | ५०१ |
| ८ | २४६ | २४६० | २७४ | ४११० | ५२० | ६५७० | १०४० | ५२० | १०४० | ५२० |
| ९ | ३२२ | ३२२० | १४६ | २१९० | ४६८ | ५४१० | ९३६ | ४६८ | ९३६ | ४६८ |
| १० | १५९ | १५९० | ३८५ | ५७७५ | ५४४ | ७३६५ | १०८८ | ५४४ | १०८८ | ५४४ |
| ११ | १४४ | १४४० | २७५ | ४१२५ | ४१९ | ५५६५ | ८३८ | ४१९ | ८३८ | ४१९ |
| १२ | १८ | १८० | ४२० | ६३०० | ४३८ | ६४८० | ८७६ | ४३८ | ८७६ | ४३८ |

मिती : २०७७।०१।१४ गते　　　　　　　　　　कार्यपालिका बैंठक संख्या : ७०

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | १६३ | १६३० | ३६० | ५४०० | ५२३ | ७०३० | १०४६ | ५२३ | १०४६ | ५२३ |
| मन्जित | ३ | ३० | ० | ० | ३ | ३० | ६ | ३ | ६ | ३ |
| जम्मा | ३१६८ | ३१६८० | ३४१४ | ५१२१० | ६५८२ | ८२८९० | १३१६४ | ६५८२ | १३१६४ | ६५८२ |
| [illegible] | ० | ० | ० | ० | ० | २२५० | ० | ० | ० | ० |
| [illegible] | ३१६८ | ३१६८० | ३४१४ | ५१२१० | ६५८२ | ८०६४० | १३१६४ | ६५८२ | १३१६४ | ६५८२ |
| नि नं. | विवरण | परिमाण | दर | रकम | | | | | | |
| १ | चामल १ | ४००१० | ४१ | १६४०४१० | | | | | | |
| २ | चामल २ | ४०६३० | ४५ | १८२८३५० | | | | | | |
| ३ | दाल | १३१६४ | १०८ | १४२१७१२ | | | | | | |
| ४ | नुन | ६५८२ | २० | १३१६४० | | | | | | |
| ५ | तेल | ६५८२ | १६० | १०५३१२० | | | | | | |
| ६ | सावुन | १३१६४ | २८ | ३६८५९२ | | | | | | |
| | जम्मा | | | ६४४३८२४ | | | | | | |
| ७ | | स्वास्थ्य सामग्री खर्च | | १०४६५०१ | अनुमानित | | | | | |
| ८ | | प्रचार प्रसार गाडी भाडा | | ३३००० | अनुमानित | | | | | |
| ९ | | अर्को गाडी | | १५००० | अनुमानित | | | | | |
| १० | | माइक्रो भाडामा | | ६०००० | अनुमानित | | | | | |
| ११ | | साउण्ड सिस्टम | | ८००० | अनुमानित | | | | | |
| १२ | | परिचय रेष्टरेन्टमा खर्च | | ७०००० | अनुमानित | | | | | |
| १३ | | संजित खाजा घर | | ६०००० | अनुमानित | | | | | |
| १४ | | क्वारेन्टाइन गड्यौली | | १६०००० | अनुमानित | | | | | |
| १५ | | क्वारेन्टाइनब्रम्हानगर | | २५००० | अनुमानित | | | | | |
| १६ | | राहत सामग्री ढुवानी | | २००००० | अनुमानित | | | | | |
| | | कुल जम्मा खर्च | | ८१२१३२५ | | | | | | |

१५८

**मिती : २०७७।०१।१४ गते** **कार्यपालिका बैंठक संख्या : ७०**

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गरी मिति २०७७।०१।०६ गते देखि २०७७।०१।०९ सम्म चलेको हावाहुरी र असिनाले राप्ती नगरपालिकाका केही वडाका जस्ताका पुराना घरहरु पूर्णक्षेती भएकोमा पूर्ण क्षती भएका उक्त परिवार बसेको घर मर्मत वा निर्माण नगरी बस्नै नसक्ने अवस्था र अति विपन्नताको कारण स्वयंले मर्मत वा निर्माण गर्न नसक्ने भएकोमा मात्र अनुमानित रुपमा जस्ता पाता उपलब्ध गराउन विपतमा बजेट बाँकी रहेका वडाले उक्त शिर्षकबाट औचित्यका आधारमा बढीमा ५ लाख सम्म र विपत व्यवस्थापन शिर्षकमा बजेट बाँकी नरहेको वडाले रोक्का नरहेको कम महत्वको खर्च शिर्षकबाट बढीमा ५ लाख विपत व्यवस्थापन खर्च शिर्षकमा रकमान्तर गर्न नगर कार्यपालिकामा निर्णय पठाई आर्थिक ऐन नियम कार्यविधि उल्लघन नहुने गरी प्रक्रिया र मापदण्ड बमोजिम प्राविधिकबाट ल.इ. तयार गराई जस्ता खरिद गरी पूर्ण क्षती पुगेका विपन्न परिवारलाई जस्ता वितरण गर्ने र घर छाउने काम सम्पन्न भए पछि प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन सहितको आवश्यक कागजात प्राप्त भए पश्चात मात्र नियम अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल हुँदा राप्ती नगरपालिकाको आ.व. ०७६/७७ मा संचालित योजना तथा कार्यक्रम कोरना भाइरस कोभिड-१९ को कारण लकडाउनको अवस्थाले गर्दा रोकिएकोमा प्रदेश मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालयबाट सामाजिक दुरी कायम गरी योजना सुचारु गर्ने भनि परिपत्र प्राप्त भएकोले योजना संचालन गर्दा आवश्यक शतर्कता र सामाजिक दुरी कायम गरी नेपाल सरकारद्धारा हाल रोक्का रहेका बजेट शिर्षकका योजना तथा कार्यक्रम बाहेकका योजना संचालन गर्ने तर्फ तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल हुँदा स्वास्थ्य तथा जनसंख्या मनम्त्रालयको च.नं. ३९५२ मिति २०७७।०१।०७ मा नियमित खोप संचालन गर्ने सम्बन्धी परिपत्र प्राप्त भएकोमा हाल राप्ती नगरपालिका कोराना भाइरसबाट राप्ती नगरपालिका-८ मा २ जना कोराना संक्रमित भएकोले मिति २०७७ बैशाखमा संचालन गरिने खोप कार्यक्रम मिति २०७७ जेठमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भण्डारा अस्पताल भवन निर्माणमा करिब १८ करोड मात्र ल.ई. बाट देखिएको र हाल अर्थ मन्त्रालयबाट रु २ करोड मात्र विनियोजन भएकोले ल.ई. बमोजिम लाग्ने अपुग अनुमानित खर्च रु १६ करोड मध्य आ.व. ०७७।७८ मा रु १० करोड र आ.व. ०७८।७९ मा रु ६ करोड थप बजेट उपलब्ध गराइ दिन नेपाल नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गर्ने र बजेट व्यवस्था हुने ग्यारेन्टी पत्र प्राप्त भएमा आ.व. ०७८।७९ मा सम्पन्न हुने गरी रु १८ करोडको बहुबर्षिय ठेक्का आव्हान गरी अस्पताल भवन निर्माण कार्य तीव्र रुपमा अगाडी बढाउने निर्णय गरियो ।